नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

## दरभाउपत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७४।०२।२३

यस मन्त्रालयको लागि स्वीकृत स्पेसिफिकेसन बमोजिम् मसलन्द (स्टेशनरी) सामानहरू खरिद गर्नु पर्ने भएको हुंदा ईजाजत पत्र प्राप्त इच्छुक फर्म,कम्पनी एवं आपुर्तिकर्ताहरूबाट देहायका शर्तहरूको अधिनमा रही रीतपूर्वकको गोप्य शीलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

दरभाउपत्र सम्वन्धी शर्तहरू

१. दरभाउपत्र दाताले दरभाउपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ ।
(क) फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
(ख) मू.अ.कर दर्ता सहितको स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि
(ग) दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणाको सक्कल प्रति ।
(घ) आ.व.२०७२।७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
२. देहाय अनुसारको दरभाउपत्र जमानत वापतको रकम स्वीकृतप्राप्त वाणिज्य बैंकबाट कम्तीमा ७५ दिन म्याद भएको शर्तरहित बैक जमानी पत्र (विड वण्ड) वा यस मन्त्रालयको नाममा जम्मा हुने गरि को.ले.नि.का.काठमाण्डौ भुक्तानी केन्द्र नं. ४ को सिंहदरवारस्थित एभरेष्ट बैक लि. मा रहेको धरौटी खाता नं.१३५००१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
३. दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र फारमहरू यस मन्त्रालयमा दरभाउपत्र दाताहरू वा निजहरूको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
४. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५. दरभाउपत्र स्वीकृत गर्ने,अस्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।
६. दरभाउपत्र सम्वन्धी शर्तहरू फारममा उल्लेख गरिए बमोजिम हुनेछन् ।
७. दरभाउपत्र सम्वन्धी अन्य कार्यविधि सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित कानून अनुसार हुनेछ ।
८.यस वाहेक थप जानकारीको आवश्यकता भएमा यस मन्त्रालयको खरिद ईकाईमा कार्यालय समय भित्र सम्मर्क गरी जानकारी लिन सकिने छ ।

| सि नं | ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम पाइने स्थान (कार्यालय समयभित्र) | दरभाउपत्र जमानत वापतको रकम रू. | दरभाउपत्र फारम उपलब्ध हुने मिति | दरभाउपत्र फारम दर्ता गर्न सकिने मिति स्थान र समय | दरभाउपत्र खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०७३ /०७४ | मसलन्द सामान (स्टेशनरी) | रू.१००० (अक्षरूपि एक हजार रूपैया) यस मन्त्रालयको २७-३३२-१४ कोड नं. राजस्व खाता नं. ५२०१२६५, राजस्व शिर्षक नं.१४२२७ मा एभरेष्ट वैंक लि. सिंहदरवारमा जम्मा गरेको सक्कल भौचर | विज्ञान तथा प्रविधि मन्त्रालय, (भण्डार फांट) | १५०००।- | सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म | सूचना प्रकाशन भएको मितिले १६औं दिन दिनको १२:०० वजेसम्म | सूचना प्रकाशन भएको मितिले १६औं दिन दिनको २:०० बजे मन्त्रायय परिसर |